# **ककनी गाउँपालिकाभित्र सञ्चालनमा रहेको** व्यक्तिगत **व्यवसाय दर्ता गर्न बनेको ऐन, २०७५**

प्रस्तावना : गाउँपालिकामा सञ्चालनमा रहेका व्यापार व्यवसायलाई व्यवस्थित रुपमा सञ्चालनका गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले ककनी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "ककनी गाउँपालिकाभित्र व्यक्तिगत व्यवसाय दर्ता गर्न बनेको ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन ककनी गाउँपालिकाभर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "अध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले ककनी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले ककनी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ककनी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ

(छ) "गाउँपालिका" भन्नाले ककनी गाउँपालिका सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले ककनी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपाकिलकाका सदस्य अन्य सदस्य समेतलाई सम्झनुपर्छ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरू समेतलाई सम्झनुपर्दछ ।

(झ) "सभा" भन्नाले ककनी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ञ) "व्यवसाय " भन्नाले निजी रुपमा एक वा एकभन्दा वढी व्यक्तिले बस्तुको उत्पादन संकलन वितरण प्रशोधन निकासी वा पैठारी गर्ने फर्म वा कम्पनी वा कोठी सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. दर्ता नगराई व्यापार व्यवसाय गर्न नहुने : यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि व्यापार व्यवसाय गर्नु हुँदैन ।

४. व्यवसाय दर्ता गर्नलाई दरखास्त दिने : (१) कुनै व्यवसाय दर्ता गराउन चाहने व्यक्तिले तोकिएको दस्तूर सहित तोकिएको ढाँचाको दरखास्त ककनी गाउँपालिका समक्ष दिन सक्नेछ । त्यस्तो दरखास्तमा देहायका विवरण खोलिएको हुनुपर्छ :-

(क) व्यवसायको नाम ।

(ख) व्यवसायको ठेगाना ।

(ग) व्यवसायको उद्देश्य तथा त्यसले कारोबार गर्ने चीज वस्तु तथा कामको विवरण ।

(घ) व्यवसायको धनीको नाम, ठेगाना र बाबुआमा र बाजे, बज्यैको नाम र

(ङ) समय समयमा नेपाल सरकारले सूचित आदेशद्वारा तोकिदिएको अरु विवरणहरु ।

(२) उपदफा (१) अन्तर्गत कसैको दरखास्त दाखिल भएपछि ककनी गाउँपालिकाको उद्योग विकास शाखाले तोकिएबमोजिम आवश्यक जाँचबुझ गरी हेर्दा दरखास्तमा खोलिएको विवरण साँचो हो भन्ने आफूलाई विश्वास हुने मनासिब कारण भएमा र दरखास्त गरे बमोजिमको व्यवसाय खोल्न मनासिब देखेमा तोकिएबमोजिमको दर्ता किताबमा व्यवसाय दर्ता गरी त्यसको तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिइनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा एकै उद्देश्य भएको एक भन्दा बढी व्यवसाय दर्ता गरिने छैन ।

५. व्यवसायको प्रमाणपत्रको अवधि र नवीकरण गर्ने तरीका : यो ऐनबमोजिम दर्ता भएका प्रत्येक व्यवसायको प्रमाणपत्रको अवधि नवीकरण गर्ने तरीका र त्यसरी नवीकरण गराउँदा लाग्ने दस्तूर तोकिए बमोजिम हुनेछ ।

६. विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने : दफा ४ को उपदफा (१) बमोजिम सम्बन्धित गाउँपालिका समक्ष दिइराखेको विवरणमा कुनै हेरफेर गर्नुपरेमा तोकिएको म्यादभित्र तोकिएबमोजिमको सूचना सम्बन्धित गाउँपालिका छेउ दिनु पर्नेछ र सम्बन्धित गाउँपालिकाबाट स्वीकृति प्राप्त भएपछि मात्र हेरफेर गर्न सकिनेछ ।

७. यो ऐन बमोजिम दर्ता नभएका व्यवसायको नामबाट भएको लेनदेन र अरु कारोबारलाई कानूनी मान्यता नदिइने : यो ऐन प्रारम्भ भएपछि यो ऐनबमोजिम दर्ता नभएको व्यवसायको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई कानूनी मान्यता दिइने छैन ।

८. गाउँपालिकाले विवरण माग गर्न सक्ने : (१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै व्यवसायसंग सम्बन्धित गाउँपालिकाले त्यस्तो व्यवसायको हिसाबको विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको हिसाबको विवरण गाउँपालिकामा पेश गर्नु त्यस्तो व्यवसायको कर्तव्य हुनेछ ।

९ व्यवसाय खारेज गर्न सकिने : (१) देहायको अवस्थामा सम्बन्धित गाउँपालिकाले व्यवसाय खारेज गर्न सक्नेछ :-

(क) वाणिज्य व्यवसायसम्बन्धी व्यवसायले तोकिएको अवधिभित्र नवीकरण नभएमा,

(ख) व्यवसायको धनीले मुनासिब कारण दर्शाइ आफनो व्यवसाय खारेज गरी पाउँ भनी सम्बन्धित गाउँपालिकामा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी व्यवसाय दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित गाउँपालिकाले दफा ८. बमोजिमको विवरण माग गर्दा सम्बन्धित व्यवसायले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी व्यवसायले कार्य सञ्चालन गरी सम्बन्धित गाउँपालिकालाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योगसम्बन्धी व्यवसायले नवीकरण गर्ने म्याद समाप्त भएको मितिले तोकिएको अवधिभित्र नवीकरण าएमा वा नवीकरण गराए पनि इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार वा उपकरणका

खरीद वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित गाउँपालिकामा नदिएमा, वा

(छ) व्यवसायीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित गाउँपालिकाले व्यवसाय खारेज गर्नु अघि सम्बन्धित व्यवसायीलाई सफाईको सबूद पेश गर्ने उचित अवसर दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित गाउँपालिकाबाट व्यवसाय खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को व्यवसाय दर्ता गरिने छैन ।

८. दण्ड सजाय : (१) यो ऐनबमोजिम दर्ता भई खोलिएको प्रत्येक व्यवसायको प्रत्येक धनीलाई सम्बन्धित गाउँपालिकाको तजबिजले रु.५।- पाँचदेखि रु.५०।-पचाससम्म जरिवाना हुनेछ र सोही अपराध फेरि गरेमा ३ पटकसम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप रु. १०।- दश जरिवाना हुनेछ । चौथो पटक पनि त्यस्तो गरेमा निजका नाममा कहिले पनि रजिष्टरी हुने छैन ।

(२) दफा ४ अन्तर्गत दरखास्त दिंदा झुठ्ठा विवरण दाखिल गर्ने व्यक्तिलाई सम्बन्धित गाउँपालिकाका तजबिजले रु.२५।- पच्चीसदेखि रु.५०।- पचाससम्म जरिवाना हुनेछ ।

(३) दफा ६ बमोजिम दिनु पर्ने सूचना तोकिएको म्यादभित्र नदिने वा झुठ्ठा सूचना दिने व्यवसायलाई सम्बन्धित गाउँपालिकाका तजबिजले रु.२५।-पच्चीसदेखि ५०।- पचाससम्म जरिवाना हुनेछ ।

(४) यो ऐनबमोजिम दर्ता वा रिन्यू नभएको व्यवसाय र सो फर्मको कारोबार गर्ने कुनै पनि बैंकले कुनै पनि मालसामान निकासी पैठारी गर्न नपाउने गरी नेपाल सरकारले सूचित आदेशद्वारा मनाही गर्न सक्छ ।

(५) यो दफा अन्तर्गत सम्बन्धित गाउँपालिकाले गरेको सजायमा चित्त नबुझ्ने व्यक्तिले उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वित गर्न ककनी गाउँपालिकाले नियमहरु बनाउन सक्छ । सो नियममा लेखिएका कुराहरु उल्लंघन गर्ने व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था पनि सोही नियममा गाउँपालिकाले गर्न सक्छ ।

११. अघिका इजाजतहरु रद्दी हुने : यो ऐन प्रारम्भ हुनु भन्दा अघि व्यवसाय खोल्ने सम्बन्धमा नेपाल सरकारका निकायबाट दिइराखेको सबै इजाजतपत्रहरु स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको म्यादभित्र रीत पुर्‍याई नवीकरण गराउनु पर्छ । सो म्यादभित्र रिन्यू नभएको इजाजतपत्रहरु रद्द हुनेछन् ।